घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# पशु सेवा शाखा

## जोमसोम, मुस्ताङ

पत्र संख्याः२०७८/७९
चलानी नं. ४१३

गण्डकी प्रदेश, नेपाल

**श्री वडा कार्यालय सबै ,**

**मितिः२०७८/०६/२०**

घरपझोङ गाउँपालिका, मुस्ताङ ।

विषयःसूचना टासँ गरी जानकारी पठाइ दिने बारे ।

आ.व.२०७८/०७९ को समानिकरण बजेट तर्फ प्राप्त प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना पकेट सञ्चालनगर्नको लागि आवेदन मागको सूचना १ थान यसै पत्रका साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ । प्राप्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टासँ गरी सूचना टासँको जानकारी यस कार्यालयमा पठाइदिनु हुन पूनः अनुरोध छ ।

२०७८/६/२०

(गौरी प्रसाद आचार्य )

**प्रमुख प्रशासकिय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

(परिच्छेद ४ को ४.१.९.१(क)४.२.९.१(क)४.३.११.(क)र४.४.११(क) सँग सम्बन्धित )

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

घरपझोङ गाउँपालिका,

# गाउँकार्यपालिका कार्यालय,

**जोमसोम,मुस्ताङ** **सूचना न.१**

प्रथम पटक सूचना प्रकाशित मितिः२०७८/०६/२०

आ.व. २०७८/०७९ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, घरपझोङ गाउँपालिका जोमसोम मुस्ताङ अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/ सहकारी जल /वन उपभोक्ता समिति कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितले ३० औं दिन भित्र अर्थात (मिति२०७८ /०७/१८ गते भित्र) यस कार्यालयमा तोकिएको ढाँचामा (अनूसूची १० ) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस कार्यालयको कृषि तथा पशु सेवा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

(क) पकेट घरपझोङ गाउँपालिका भित्र

(ख) कार्यक्रमहरु

| क.स. | कार्यक्रम किसिम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | बजेट रु. लाखमा | मापदण्ड |
|---|---|---|---|---|---|
| १ | स्याउ/ ओखरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन | प्रस्तावित परियोजना लागत बढीमा ७५% | १ (एक) | १२ (बाह्) | कम्तिमा ५ हेक्टर एउटै क्लष्टरमा हुनु पर्ने छ।( म्यानुअलको शिर्षक नं.४.१.४.अनुसार हुनेछ ) |
| २ | बाख्रा साना व्यवसायिक उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालन | प्रस्तावित परियोजना लागत बढीमा ७५% | १ (एक) | १५ (पन्ध्र) | कम्तिमा पनि ६०० गोटा माउ बाख्रा पालेको हुनु पर्ने छ।एउटै क्षेत्र ( क्लस्टर) भएको हुनु पर्नेछ ।(म्यानुलको शिर्षक नं. ४.१.४ अनुसार हुनेछ ।) |

<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु</u>

१.सम्बन्धित निकायकमा कृषि समूह/सहकारी /संस्था समिति/ कृषि फर्म दरता ता नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि

२.कार्यक्रम संञ्चालन हुने स्थान(जग्गा जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कस्तीमा ५ वर्षको सम्झौता ।

३.निवेदनको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि

४.कार्य समितिको निर्णय

५.पान / भ्याट करचुक्ता प्रमाणपत्र प्रतिलिपि

६ सम्बन्धित वडाको सिफारिस

प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# पशु सेवा शाखा

## जोमसोम, मुस्ताङ

पत्र संख्याः२०७८/७९

चलानी नं. ४१२

गण्डकी प्रदेश, नेपाल

मितिः२०७८/०६/२०

**श्री वडा कार्यालय सबै ,**

घरपझोङ गाउँपालिका, मुस्ताङ ।

**विषयः माग संकलन गरी पठाइ दिने बारे ।**

प्रस्तुत विषय यस कार्यालय अन्तर्गत पशु सेवा शाखाको आ.व २०७८ /०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तहाँ वडा कार्यालय अन्तर्गत पालीएका पशुपंछीहरुलाई चाहिने तपसिलमा उल्लेखित ढाँचामा घास बिउ र औषधीहरु सम्बधी माग संकलन गरी यथासिघ्र यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ ।

.........................

(गौरी प्रसाद आचार्य )

**प्रमुख प्रशासकिय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

| जै घास विउ के.जी. | लुर्सन, कोते घास के.जी. | लुलु गाईको लागि मिनरल मिक्चर के.जी. | आन्तरीक परजिवि नियत्रंण औषधी लिटर | बाह्यपरजिवी नियत्रंण औषधी लिटर |
|---|---|---|---|---|
| | | | | |